# बजार पुँजिकरण जिडिपीको हाराहारीमा

■ दीक्षण समाचार
काठमाडौँ, २६ चैत

लगातारको वृद्धिपछि नेप्से नयाँ उचाइमा पुग्दा त्यसको सकारात्मक प्रभाव बजार पूँजीकरणमा परेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार बिहीबारको कारोवारपछि बजार पूँजीकरण रू ३७ खर्ब पुगेको छ ।

यो नेपालको कूल गार्हस्थ उत्पादन (जिडिपी) को हाराहारी हो । नेपाल स्टक एक्सचेञ्जका अनुसार रू ३७ खर्ब दुई अर्ब ८१ करोड ८९ लाख ५० हजार बराबरको बजार पूँजीकरण पुगेको छ । नेप्से र कूल गार्हस्थ उत्पादनको आकार झण्डै समान भएको हो ।

विहिबार नेप्से २.७४ बिन्दुले उकालो लागेर दुई हजार ६७४.३५ मा पुगेको छ । नेप्सेका उचाइ




पनि हालसम्मकै माथि हो । यस्तै ठूला कम्पनीको शेयर कारोवार मापन गर्ने सेन्सेटिभ परिसूचक भने ०.२८ बिन्दुले घटेर ४७६.५१ मा पुगेको छ ।कूल २०७ कम्पनीको एक करोड ३३ लाख ७६ हजार कित्ता शेयर रू छ अर्ब ५५ करोड ६६ लाख १६ हजार ६८० मा कारोवार भएको छ । कारोवार भएका कूल १३ उपसमूहमध्ये सात उपसमूहको शेयर उकालो लाग्दा छ उपसमूहको शेयर भने ओरालो लागेको छ । बैंकिङ १.८९, होटल तथा पर्यटन २९.७९, विकास बैंक २०.६२, वित्त ३९.४३, लघुवित्त १०६.१३, जीवन बीमा ९१.९८ र सामूहिक लगानी कोष ०.०२ बिन्दुले उकालो लागेको छ । यस्तै व्यापार ३२.०१, जलविद्युत् २३.३३, निर्जीवन बीमा ६२.६३, उत्पादन २२.५१ र लगानी ०.४३ ले ओरालो लागेको छ । कारोवारका आधारमा माथिल्लो तामाकोशी शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको रू ३७ करोड १३ लाख ४४ हजार ११३ बराबरको कारोवार भई शीर्ष स्थानमा रह्यो ।यस्तै नेपाल पूर्वाधार बैंक रू २५ करोड ५५ लाख २४ हजार १४९, नेपाल बैंक रू २४ करोड सात लाख २४ हजार ७३८, चन्द्रागिरि हिल्स रू २२ करोड ४४ लाख ११ हजार ८४४ र नबिल बैंक रू १८ करोड १७ लाख ५० हजार ९७७ बराबरको कारोवार भई शीर्ष स्थानमा रह्यो । यसैगरी एनआइसी एशिया लघुवित्त ९.९४, ग्रीन लाइफ हाइड्रो ९.९२, ज्योति लाइफ इन्स्योरेन्स ९.७९, मल्टिप्रपोज फाइनान्स ९.७७ र रिलायन्स फाइनान्सका लगानीकर्ताले ९.६८ प्रतिशतले कमाए । यसैगरी, युनिभर्सल पावर ४.४२, रसुवागढी हाइड्रोपावर ४.१७, अजोड इन्स्योरेन्स ३.६५, एनआइसी एशिया ग्रोथ फण्ड ३.५७ र पञ्चकन्या माई हाइड्रोपावरका लगानीकर्ताले ३.५४ प्रतिशतले गुमाए ।(रासस)

**बर्गिकृत डिस्प्लको लागि**

**सम्पर्क : ०४९-४२१४०१**

**E-mail : dexaindaily@gmail .com**

**चरिकोट, दोलखा**

**शैलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**काटाकुटी, दोलखा**

**प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति :-२०७७/१२/२७**

प्रस्तुत विषयमा राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत अति विपन्न तथा पछाडि पारिएका समुदायका महिलाहरु (कोभिडबाट प्रभावित समेतको लागि जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम कार्यान्वयनका लागि 'जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड,२०७७' बमोजिम काम गर्न इच्छुक प्रचलित कानून बमोजिम दर्ता भएका संस्था तथा सहकारी संस्थाहरुले तपसिल बमोजिमको विवरण तथा कागजात सहित अनुसुची-२ बमोजिमको ढाँचामा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. संस्थाको विधान,परिचय,उदेश्य,कार्य सम्पादन प्रक्रिया,भौतिक तथा वित्तय स्रोत सम्बन्धी विवरण,
२. प्रस्तावित व्यवसायको अवधारणापत्र,व्यवसायको क्षेत्र,तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,
३. प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
४. अघिल्लो आ.व.को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,
५. अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन,
६. प्रस्तावित कार्यक्रममा संस्थाको योगदाको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीमा स्रोत सहितको यथार्थ विवरण,
७. कालोसुचीमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्वघोषणा,

प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**













बोलेरो तथा टाटा सुमोको लागी आवश्यक सम्पूर्ण पार्टसहरू सुपथ मूल्यमा पाइनुका साथै मर्मत समेत सुपथ मूल्यमा गरिन्छ ।

**बिपा मोटर पार्टस सेन्टर**
चरिकोट, दुधडेरी

**सम्पर्क नं. : ९८६४००४८५४, ९८६१४४९०६०**